केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१३/०६९/७० मिति: २०६९/१०/१७

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन २०६९ को निर्देशन नं. १४ को बुँदा नं. ६ मा उल्लिखित व्यहोरालाई संशोधन गरी देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको छ :-

"(६) देहायको योग्यता पुगेका "क" वर्गका बैंकहरुले यस बैंकको स्वीकृति लिई विदेशमा सम्पर्क/प्रतिनिधि कार्यालय खोल्न सक्ने छन्:-

(क) यस बैंकले तोकेको न्यूनतम चुक्ता पूँजी पूरा गरेको ।

(ख) विगत एक वर्ष देखि नियमित रुपमा अतिरिक्त थप १ प्रतिशत Buffer Capital कायम गरेको ।

(ग) विगत तीन वर्षदेखि निष्कृय कर्जा अनुपात ५ प्रतिशतभन्दा कम रहेको ।

(घ) संस्था र संस्थाका संचालकलाई यस बैंकबाट कुनै कारवाही गरिएको भए त्यस्तो कारवाही भएको ६ महिना पूरा भइसकेको ।

माथि उल्लिखित योग्यता पुगेका इच्छूक बैंकले सर्वप्रथम सैद्धान्तिक सहमतिको लागि यस बैंक समक्ष आवेदन गर्नु पर्ने छ । यसरी आवेदन गर्दा देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्ने छः

(क) संचालक समितिको निर्णय ।

(ख) सम्बन्धित देशको नियामक निकायको नीतिगत व्यवस्था र सोको पालना गर्न सक्ने सम्बन्धमा बैंकको तर्फबाट गरिएको स्वघोषणा ।

(ग) संभाव्यता अध्ययन प्रतिवेदन ।

(घ) विगत ३ वर्षको वार्षिक वित्तीय विवरण ।

उपरोक्त बमोजिम पेश हुन आएको कागजात अध्ययन गरी सम्पर्क/प्रतिनिधि कार्यालय खोल्ने सैद्धान्तिक सहमति प्रदान गर्न मनासिव देखिएको खण्डमा ६ महिनाभित्र सम्बन्धित देशको नियामक निकायबाट सम्पर्क/प्रतिनिधि कार्यालय खोल्ने स्वीकृति प्राप्त गरी अन्तिम स्वीकृतिको लागि यस बैंक समक्ष आवेदन गर्नु पर्ने गरी अवधि तोकी सैद्धान्तिक सहमति प्रदान गरिने छ । अन्तिम स्वीकृतिको लागि आवेदन पेश हुन आएमा बैंकले आवश्यक जाँचबुझ गरी देहायका शर्त तथा अन्य आवश्यक थप शर्त समेत तोकी अन्तिम स्वीकृति प्रदान गर्ने छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(क) अन्तिम स्वीकृति प्राप्त गरेको ६ महिनाभित्र त्यस्तो सम्पर्क/प्रतिनिधि कार्यालय खोली कार्यालय संचालन गरिसक्नु पर्ने छ र सोको जानकारी यस बैंकलाई दिनु पर्ने छ ।

(ख) सम्पर्क/प्रतिनिधि कार्यालय संचालनको लागि हुने विदेशी मुद्रा खर्चको लागि यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट स्वीकृति लिनु पर्ने छ ।"

२. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. २२ को बुँदा नं. ११ अन्तर्गत लिखत नेपाली भाषामा तयार गर्ने सम्बन्धी उल्लिखित व्यहोरालाई खण्ड (क) कायम गरी उक्त खण्डमा उल्लिखित "कारणीको नाम ठेगाना..." भन्ने वाक्यांशलाई "सम्बन्धित व्यक्तिको नाम, ठेगाना..." बनाई उक्त खण्डमा उल्लेख भएको व्यहोरा पछि देहाय बमोजिमको खण्ड (ख) थप गरिएको छ :-

*"(ख) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले अन्तर्राष्ट्रिय कारोवारमा प्रयोग हुने बाहेकका पत्राचार, चेक/भौचर लगायत अन्य कागजातहरु देवनागरी लिपी नेपाली भाषामा समेत उपलब्ध हुने व्यवस्था अनिवार्य रुपमा गर्नु गराउनु पर्ने छ ।"*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।